# छेडागाड नगरपालिका बालबालिका सम्बन्धी कार्यविधि, २०८१

__प्रस्तावना :__ बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, समवर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन बाल बचाउ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्द्धन लागि कार्यविधि निर्माणगर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १, बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० को उपदफा ३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बालबालिका सम्बन्धी कार्यविधि, २०७९" रहेकोछ । (२) यो कार्यविधि स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले बालबालिका नियमावली, २०७८ सम्झनु पर्छ । सम्बन्धी

(ग) "परिषद" भन्नाले राष्ट्रिय बाल अधिकार परिषद सम्झनु पर्छ ।

(घ) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना वा सञ्चालनमा रहेको र ऐनकै दफा ६९बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(ङ) "बालक्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्दधनका लागि बालबालिकाले यस कार्यविधि बमोजिम दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(च) "बालकोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनस्थापना, क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधि बमोजिम स्थापना गरिएको बालकोष सम्झनु पर्छ ।

(छ) "बालबालिका" भन्नाले १८ बर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले छेडागाड नगरपालिका सम्झनु पर्दछ ।

(ञ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ र यस कार्यविधी बमोजिम नियुक्त भएको अधिकारी सम्झनु पर्छ ।

(ट) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(ठ) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ अनुसार यस कार्यविधि बमोजिम सूचीकृत वा नियुक्त भएका व्यक्ति सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले नगरपालिकामा गठित स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(ढ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण सम्वर्द्धन प्रवर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ण) "सेवा प्रदायक निकाय" भन्नाले नगरपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, गैर सरकारी संघ संस्था, निजी क्षेत्र, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र, बालगृह, बालसुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्प लाईन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनुपर्छ ।

## <u>परिच्छेद - २</u>

## <u>उद्देश्य</u>

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः—

(क) बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्ती गर्नु, (ख) बालबालिकाको हक हित सम्बन्धी कार्य सम्पादनमा सहजता ल्याउनु ।

## <u>परिच्छेद - ३</u>

## <u>बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपुर्ती गर्ने दायित्व निर्वाहको व्यवस्था</u>

**<u>४. बाल अधिकारको संरक्षणः</u>** सबै बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धन, प्रचलन तथा परिपूर्तिका लागि ऐनको दफा ६४ र ६५ तथा बालबालिका

प्रतिको दायित्व निर्वाह दफा १७, १८ र १९ एवम बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ । ऐनको परिच्छेद ३ बमोजिम
बालबालिका प्रतिको दायित्व पुरा नगरेमा वा बालअधिकारको उलङ्घन भएमा बालबालिकाले अनुसूची ६ बमोजिम न्यायिक समिती, बाल अधिकार समितिमा निवेदन दिन सक्नेछन ।

**<u>५. बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्द्धन, प्रवर्द्धनमा आवश्यक सेवा प्रवाहको व्यवस्थाः</u>** बाल अधिकारको संरक्षण, सम्मान सम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि देहाय बमोजिम सेवा प्रवाहको व्यवस्था गरिने छ ।

(क) नगरपालिका भित्रका सबै बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरू अपनाइनेछ ।

(ख) गर्भवति महिला, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवा सुविधा र बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको अनुगमन गर्ने गराउने कार्यहरू गरी बालबालिकाको स्वास्थ्य सेवा पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(ग) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था, कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दूर्वयवहार, अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवम लैङ्गिकमैत्री र अपाङ्गतामैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारीका लागि स्यानिटरी प्याड तथा प्रारम्भिक उपचार बाकस, बालमैत्री पठनपाठन, खेल मैदान र सबै अवस्थाका विद्यार्थीमैत्री खेलकुद सामाग्रीको व्यवस्था गरिनेछ ।

(घ) नगरपालिका भित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(ङ) विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिको अनुगमन, मुल्याङकन तथा समीक्षा गरिनेछ।

(च) प्रत्येक वडामा बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुदको व्यवस्था गरिनेछ ।

(छ) कुनै पनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील चलचित्र साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिनेछ ।

(ज) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाई सहज देखिने गरी राख्ने र सो बमोजिमको व्यवस्था लागू गरिनेछ ।

(झ) बालबालिका विरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुव्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रम रोकथाम र अन्त्य गर्न, बाबुआमा विहीन र जोखिम अवस्थामा परेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाही गर्नको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न सहजीकरण गरिनेछ ।

(ञ) बालबालिका विरुद्धको हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्दार, संरक्षण राहत तथा व्यवस्थापनका लागि राष्ट्रिय बाल अधिकार परिषद, बाल हेल्पलाइन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापन जोखिमपूर्ण श्रममा संलग्न बेचविखन तथा ओसारपसारमा परेका, सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास समन्वय केन्द्र नं.१०४ सँग समन्वय, सहजीकरण तथा सहकार्य गरिनेछ ।

(ट) नगरपालिका भित्रका सबै अवस्थाका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिममा परेका, स्वास्थ र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे तथ्याङ्क संकलन तथा खण्डीकृत सूचनाको अभिलेखिकरण गरिनेछ र बालबालिकाको अवस्थाको लेखाजोखा गरी संरक्षण तथा व्यवस्थापन गरिनेछ।

(ठ) नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुको लागि बाल अधिकार, बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ड) नगरपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

६. बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः नगरपालिका, नगरपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा मनोविज्ञ, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

७. बालमैत्री र अपाङ्गतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघ संस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवं अपाङ्गतामैत्री हुने गरी व्यवस्था गरिनेछ ।

८. बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाः(१) नगरपालिका भित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिका मध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनका दफा ४९ उपदफा (२) को खण्ड (क), (ख) (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवम नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६७ सम्मको व्यवस्था बमोजिम गरिनेछ ।

## परिच्छेद - ४

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

९. स्थानीय बाल अधिकार समितिको गठनः (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम नगरपालिकाको उपप्रमुख वा निजले तोकेको नगरकार्यपालिका सदस्यको अध्यक्षतामा देहाय बमोजिमको स्थानीय बाल अधिकार समिति रहनेछ ।

(क) उपप्रमुख वा निजले तोकेको नगर कार्यपालिकाको सदस्य -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगरकार्यपालिकाले तोकेको दलित महिला वडा सदस्य १ जना - सदस्य

(घ) नगरकार्यपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्ये १ जना —सदस्य

(ङ) नगरकार्यपालिकाले तोकेको सूचीकृत समाजसेवी वा बालमनोविज्ञ मध्ये १ जना -सदस्य

(च) नगरपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख गरी ३ जना -सदस्य

(छ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(ज) नगरपालिका भित्रका अस्पताल वा स्वास्थ संस्थामध्ये नगरकार्यपालिकाले मनोनयन गरेका १ जना प्रतिनिधि -सदस्य

(झ) नगरपालिका बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना -सदस्य

(ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट नगरकार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ट) बाल कल्याण अधिकारी -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

**१०. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**

१. ऐन नियमावलीमा उल्लेख भए अनुसार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. समितिले नगरपालिकाका बाल क्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ख. वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई निजको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण तथा बालबालिकाको उच्चतम हित सुनिश्चित हुने गरी बालकल्याण अधिकारीको सिफारिसमा समितिले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

ग. समितिले वर्षको कम्तीमा एकपटक स्थानीय तहभित्र वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको स्थितिको बारेमा जानकारी लिनु पर्नेछ । बालबालिकालाई उचित हेरचाह नगरेको पाइएमा समितिले वैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थालाई सचेत गराउन वा ऐन बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा निवेदन दिन वा संरक्षक परिवर्तनका लागि सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

घ. समितिले नगरपालिकाभित्र सञ्चालनमा रहेका बालगृह र पुर्नस्थापना केन्द्रको नियमित अनुगमन तथा निरीक्षण गर्नेछ ।

ङ. समितिले समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत गर्ने र नियुक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्नसक्ने छ ।

२. समितिको थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

ख. बाल अधिकार सम्बन्धी आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

ग. नगरपालिकाद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

घ. नगरपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा वा तनाव, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्वयवहारको रोकथाम, निषेध र नियन्त्रण, जोखिममा परेका बालबालिका, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना,

र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको हक हित र अधिकार संरक्षण सम्वद्र्धन बैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

ङ. नगरपालिकाभित्रका भौतिक संरचनालाई बालमैत्री तथा अपाङ्गतामैत्री बनाउन र बालमैत्री नगरपालिका बनाउन आवश्यक सहयोग गर्ने,

च. बाल अधिकार संरक्षण तथा प्रवर्दधन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

छ. नगरपालिकाको स्वीकृतिमा बालबालिका सम्बन्धी भए / गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेटने गरी बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र सार्वजनिक गर्ने ।

ज. बालबालिका सम्बन्धी तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण अध्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

झ. विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

ञ. तोकिएका अन्य कार्य गर्ने ।

११. वडास्तरीय बाल अधिकार समिति गठनः नगरपालिकाका प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय बाल अधिकार समिति गठन हुनेछः

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - १ जना संयोजक

(ख) वडा भित्रका विद्यालयका शिक्षकहरू मध्येबाट - १ जना सदस्य

(ग) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट - १ जना सदस्य

(घ) आमा समुह तथा महिला कार्यकर्ताहरू मध्येबाट - १ जना सदस्य

(ङ) बालअधिकारकर्मी– नागरिक समाजका प्रतिनिधिहरू मध्येबाट - १ जना सदस्य

(च) वडा स्तरीय बालक्लब सञ्जालको प्रतिनीधिबाट एक बालिका सहित - २ जना सदस्य

(छ) आदिवासी, जनजाति, महिला, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी - २ जना सदस्य

(ज) स्थानीय स्वास्थ्य केन्द्रका प्रतिनिधि -१ जना सदस्य

(झ) बालविकास केन्द्रका प्रतिनिधि सदस्य -१ जना सदस्य

(ञ) स्थानीय प्रहरी कार्यालयको प्रमुख वा न्यायीक समितिको सदस्य -१ जना सदस्य

(ट) सम्बन्धित वडाको सचिव वा अध्यक्षले तोकेको समितिको कुनै सदस्य - १ जना सदस्य सचिव

**<u>१२. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>**

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्ने,गराउने ।

२. वडाभित्र विशेष संरक्षणको आवश्कयता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने र स्थानीय बाल अधिकार समिति समक्ष पठाउने ।

३. वडाभित्र बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब लगायतका सरोकारवाला बीच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक र प्रबर्दधनात्मक कार्यहरु गर्ने, गराउने ।

४. बालअधिकार हननका घटना र जोखिममा परेका बालबालिकाको तत्काल उद्धार संरक्षण र आकस्मिक सहयोगका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने ।

५. बालअधिकारको सम्मान, संरक्षणमा र प्रवर्दधनका लागि वडा तथा नगरपालिकालाई आवश्यक सुझाव दिने ,

६. बालबालिकाका सम्वन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गरी समिति समक्ष पठाउने,

७. तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने (२) वडा बालअधिकार समितिको मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

१३. वैठक सम्वन्धी व्यवस्थाः- स्थानीय बालअधिकार समिति र वडा बालअधिकार समितिको वैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क. समितिको वैठक कम्तिमा वर्षको छ पटक वा आबस्यकताको आधारमा अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

ख. अध्यक्षको निर्देशनमा समितिको वैठक र वैठकमा छलफल हुने विषयहरुको सूची सदस्य सचिवले समितिका सदस्यहरुलाई एक दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

ग. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

घ. समितिको वैठकको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित हुनेछ ।

ङ. समितिको वैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

च. वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेवमोजिम हुनेछ ।

छ. समितिको वैठकमा आवश्यकता अनुसार विषयसँग सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

१४. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र धिकार समितीले निर्धारण गरे बमोजिम हुनेछ साथै टोली वा सदस्यले पाउने सेवा सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ५

## बाल कल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बालमनोविज्ञ सम्बन्धी व्यवस्था

१५. बाल कल्याण अधिकारीको नियुक्तिः (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी नियुक्त गरिनेछ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम ४ बमोजिम बाल कल्याण अधिकारी तोकिनेछ ।

१६. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः १. ऐन तथा नियामावलीमा अन्यत्र उल्लेखित काम, कर्तब्य र अधिकारको अतिरिक्त नियमावलीको नियम ८२ अनुसार बालकल्याण अधिकारीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने,

ख. नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न नगरपालिका र समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

ग. नगरपालिका भित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नु पर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन र बिश्लेषण गरी अध्यावधिक प्रतिवेदन तयार गर्ने,

घ. जोखिममा परेका, विशेष संरक्षण र वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्यको कार्ययोजना तयार गर्ने र समिति बाट स्वीकृति गरी कार्यान्वयन गर्ने ।

ङ. बालबालिका बिरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको बिबादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

च. वैकल्पिक हेरचाहको ब्यवस्था, पुनर्सथापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको अनुगमन गरी सोको प्रतिवेदन समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

छ. बालअधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने, त्यस्ता बाल बालिकाको आबस्यकताका आधारमा घटना ब्यबस्थापनको कार्य गर्ने ।

ज. बालबालिकाको संरक्षक नियुक्तिको लागि प्रचलित कानून बमोजिम अदालतमा निबेदन दिने ।

झ. बालबालिकाको उपलब्धताको अवस्थामा पेश गर्ने, लागि प्रतिबेदन वैकल्पिक अदालतले हेरचाहको माग गरेको

ञ. वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पतिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

ट. बालबालिकाको गोपनीयताको हकको उल्लङ्घन नहुने गरी प्रचलित कानून बमोजिम प्रकाशन गर्नु पर्ने सूचना तथा प्रतिवेदन समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण प्रदेश बालअधिकार समिति र परिषदमा पेश गर्ने,

ठ. योजना तर्जुमा प्रक्रियामा बालबालिकाका बिषयलाई प्राथमिकता दिन पहल गर्ने,

ड. बालश्रम, बालबिबाह जस्ता समस्याको अन्त्य, बालमैत्री बिद्यालय बालमैत्री स्थानीय शासन प्रबर्दधन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

ढ. समितिबाट प्रत्यायोजित अन्य काम गर्ने ।

२. तोकिएका अन्य कार्य गर्ने ।

१७. समाजसेवी (केश वर्कर) तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति (१) समाजसेवी तथा बाल मनोबिज्ञको सूचिकरण र नियुक्ति ऐनको दफा (६२) तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ । समितिले एक्काइस दिनको म्याद दिई नगरपालिकामा सञ्चालनमा रहेका सार्वजनिक सञ्चार माध्यमद्धारा सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको सुचना अनुसार देहाय बमोजिम योग्यता भएका समाजसेवी तथा बाल मनोबिज्ञले सोही सूचनाले तोकेको कागजात तथा ब्यक्तिगत विवरण सहित समितिमा सूचिकृत हुन निवेदन दिनु पर्नेछः-

क. नेपाली नागरिक,

ख. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसुरमा अदालतबाट कसूरदार नठहरिएको,

ग. असल चरित्र भएको,

घ. समाजसेवीको (केश वर्कर) रुपमा सूचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित बिषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी बिषयमा कम्तीमा एक महिना तालीम प्राप्त गरेको वा वालवालिकाको क्षेत्रमा कम्तिमा १ बर्ष काम गरेको।

ङ. बाल मनोविज्ञको रुपमा सूचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित बिषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिना तालीम प्राप्त गरेको ।

(३) उपदफा (२) बमोजिमको निवेदन र कागजात जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बालमनोविज्ञका रुपमा समितिले सूचिकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सूचिकृत समाजसेवी (केश वर्कर) वा बाल मनोबिज्ञलाई बाल संरक्षण सम्बन्धी कार्य र सेवा प्रवाहको कार्यभारको आधारमा समितीको सिफारिसमा नगरपालिकाले आवश्यक सङ्ख्यामा नियुक्ती गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम समाजसेवी (केश वर्कर) तथा बाल मनोबिज्ञको नियुक्ती र बमोजिम हुनेछ ।

(६) ऐन तथा यस नियमावलीमा उल्लिखित काम, कर्तव्यका अतिरिक्त बालबालिकाको हकहितसंग सरोकार राख्ने समितिले तोकेको काम समाजसेबी तथा बाल मनोबिज्ञले गर्नेछ ।

(७) उपदफा (४) बमोजिम नियुक्ती हुने समाजसेबी (केश वर्कर) तथा बालमनोबिज्ञको सेवाका शर्त तथा सुबिधा नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद - ६

## वैकल्पिक हेरचाहको व्यवस्था

१८. वैकल्पिक हेरचाहको व्यवस्थाः (१) ऐनको दफा ४९ बमोजिम, ऐनकै दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), ग), (घ), (ङ), (च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको दफा ६९ बमोजिम अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा बालकल्याण अधिकारीले नियमावलीको परिच्छेद—६ बमोजिम मिलाउनुपर्नेछ ।

## परिच्छेद - ७

## बाल सहभागिता तथा बालक्लब वा संस्था र बाल सञ्जाल सञ्चालन

१९. बाल सहभागिताको अभ्यासः (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजनिक निकायबाट सम्पादन गरिने कार्यहरूको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्दधन गरिनेछ। आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, सबै किसिमका अपाङ्गता, लैंगिक तथा यौनिक अल्पसंख्यक आदि) सहभागिता सुनिश्चित गरिनेछ ।

(२) बाल सहभागिता प्रवर्धनका लागि देहायका उपायहरू समेत अवलम्वन गरिनेछः
(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरूले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।
(ख) नगरपालिका भित्र विद्यालयहरूबीच तथा वडाहरूबीच अतिरिक्त क्रियाकलापहरू (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला, सास्कृतिक कार्यक्रम आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना बाल सहभागितालाई प्रोत्साहन गरी गरिनेछ ।
(३) बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायबाट हुन सक्ने देहायका कार्यहरू गर्नमा रोक लगाइनेछ ।
(क) बालबालिकाको अध्ययनमा नियमित रूपमा बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराउन ।
(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन ।
(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित ¥याली, जुलुस, सभा आदिमा सहभागी गराउन ।
(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउन ।
२०. बालक्लव वा संस्था दर्ता, सञ्चालन तथा नवीकरण र खारेजी तथा काम र कर्तव्य, सम्बन्धी व्यवस्थाः यस सम्बन्धी व्यवस्थाहरु नियमावलीको परिच्छेद -२ अनुसार देहाय बमोजिम हुनेछ ।

१. बाल क्लव वा संस्था खोल्नेः

क. बाल अधिकारको संरक्षण र प्रवर्दधनका लागि बालबालिकाले बाल क्लव वा संस्था खोल्न सक्नेछन । बाल क्लव वा संस्था खोल्दा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक बिबिधता समावेश हुने गरी खोल्नु पर्नेछ ।

ख. अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र र बालिकाले बालिका मात्र सदस्य रहने गरी बिशिष्टीकृत बाल क्लव वा संस्था खोल्न सक्नेछन ।

ग. बाल क्लव वा संस्था नगरपालिकामा दर्ता गर्नु पर्नेछ र दर्ता गर्नको लागि देहायका कागजातहरु संलग्न गरी अनुसुची -१ ढाँचामा निवेदन दिनु पर्नेछ ।

(१) प्रस्तावित बालक्लब वा संस्था/बालसञ्जालको विधान २ प्रति (२) प्रस्तावित बालक्लब वा संस्था/बालसञ्जाल खोल्ने सम्बन्धमा भएको छलफल तथा निर्णयको प्रतिलिपी

(३) आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण उमेर, (४) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र, वा

(५) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(६) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

घ. प्राप्त निवेदनउपर नगरपालिकाले आवश्यक जाँचबुझ गरी बाल क्लव वा संस्था दर्ता गरी अनुसुची- २ बमोजिमको दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

२. बाल क्लव वा संस्थाको नवीकरणः-

(क) दफा २० को उपदफा १ बमोजिम दर्ता भएका बाल क्लव वा संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिकामा देहायका विवरण खुलाई नवीकरणको लागि अनुसूचि ३ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१. बाल क्लब वा संस्थाबाट गत आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण ।

२. कार्य समिति सदस्य हेरफेर भएको भए सो सम्बन्धी विवरण र निर्णय।

(ख) प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी नगरपालिकाले नवीकरण गरी दिनु पर्नेछ ।

३. बाल क्लव वा संस्थाको दर्ता खारेज गर्नेः- नगरपालिकाले देहायको अवस्थामा बाल क्लव वा संस्थाको दर्ता खारेज गर्नेछ ।

क. दर्ता गरेको तीन आर्थिक वर्षसम्म नवीकरण नगराएमा,

ख. बाल क्लव वा संस्थाका बहुमत सदस्यले दर्ता खारेज गर्न निवेदन दिएमा, ग. बाल क्लव वा संस्थाको नामको प्रयोग गरी प्रचलित कानून विपरीतका क्रियाकलापमा बाल क्लव वा संस्था संलग्न भएको पाएमा।

४. बाल क्लव वा संस्थाको काम र कर्तव्यः- बाल क्लव वा संस्थाको काम र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) बाल क्लव वा संस्थाको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम संञ्चालन गर्ने,

(ख) बालबालिकाको हक, हित र अधिकारको प्रबर्दधन, सिर्जनात्मक गतिबिधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम संञ्चालन गर्ने, (ग) बिद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम संञ्चालन गर्ने,

(घ) नगरपालिका वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बाल क्लव वा संस्था मार्फत सामूहिक धारणा राख्ने,

(ङ) बाल क्लव वा संस्थाको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

(छ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जात, जाती, धर्म सम्प्रदायको बीचको सु-सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

(ज) कुनै राजनीतिक दलसंग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र बिरोध गर्न नहुने,

(झ) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने,

५. बाल क्लव वा संस्था व्यवस्थित गर्नुपर्नेः (१) नगरपालिकाले बाल क्लव वा संस्थाको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) समितिले बाल क्लव वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. आर्थिक कारोवार गर्न नपाउनेः बाल क्लव वा संस्थाले कुनै पनि किसिमको आर्थिक कारोवार, चन्दा लेनदेन सम्बन्धी व्यवहार गर्न पाउने छैन ।

७. शुल्क तथा दस्तुर नलाग्नेः बाल क्लव वा संस्थाको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क तथा दस्तुर लाग्ने छैन ।

८. बाल सञ्जालः नगरपालिकामा दर्ता भएका सबै बालक्लव वा संस्थाहरुबाट प्रतिनिधित्व हुने गरी वडा तथा नगरस्तरमा बाल सञ्जाल गठन गर्न सकिनेछ ।

## परिच्छेद - ८

## बालकोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

२१. बालकोषः (१) ऐनको दफा ६३ बमोजिम बालबालिकालाई तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्न तथा क्षतिपुर्ती प्रदान गर्ने काम समेतको लागि नगरपालिकामा र वडाहरुमा बाल कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन

(क) नगरपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ग) नेपाल सरकारको स्वीकृतीमा विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघसंस्था वा सरकारबाट प्राप्त रकम ।

(घ) स्वदेशी व्यक्ति वा संघ सस्थाहरूबाट प्राप्त हुने रकम ।

(ङ) न्यायिक समिति तथा अदालतबाट बालबालिका विरूद्ध
हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त रकम

(च) अन्य आम्दानी

२२. कोष सञ्चालक समितिः (१) नगर पालिका स्तरमा बाल कोष सञ्चालनका लागि देहायको बालकोष सञ्चालक समिति रहनेछः-

(क) अध्यक्ष, स्थानीय बाल अधिकार समिति - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) बालबालिका शाखा प्रमुख - सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

वडाहरूमा सञ्चालित बालकोषको हकमा नगरपालिकाको **बालबालिका सम्बन्धी कार्यविधि, २०८१** अन्तर्गत गठित वडा बालअधिकार समिति नै सञ्चालक समितिको रुपमा रहनेछ ।

२३. बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) विशेष संरक्षणको आवश्यकता भएका, जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, स्वास्थ्य उपचार, राहत र पुनस्थापना सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) बालबालिकालाई आवश्यक सहयोग गर्ने, र सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

(ग) केन्द्रिय बालकोष र प्रदेश बालकोष संग समन्वय गर्ने र

(घ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ।

२४. बालकोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था सञ्चालक समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

२५. कोषको प्रयोगः (१) बालकोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, क्षतिपुर्ती समेतका सेवा प्रदान गर्न,

(ख) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

२६. बाल कोषको खर्चका सीमाः (१) बालकोषको रकम देहायका अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एकपटक रू.१५ हजार सम्म ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वार्षिक रू. २५ हजारसम्म ।

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम सामाजिक संरक्षणवापत वार्षिक एकपटक प्रति बालबालिका रू. ९ हजारसम्म । (घ) अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम।

(ङ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकालाई तत्काल उद्धार, उपचार, राहत तथा पुनर्सथापना नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र तत्काल कोष सञ्चालक समितिको बैठक बस्ने अवस्था नभएमा कोष सञ्चालक समितिका अध्यक्षले आवश्यकता र औचित्यको आधारमा समितिबाट पछि अनुमोदन हुनेगरी मनासिव रकम उपलब्ध गराउन सक्नेछ ।

(३) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइनेछैन ।

२७. कोषको खाता सञ्चालनः (१) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ। कोषको रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गरी अलग्गै लेखा राखिनेछ । वडा स्थित बाल कोषको हकमा वडा बाल अधिकार समितिको संयोजक र सदस्य सचिब वा वडा बाल अधिकार समितिको निर्णय बमोजिम तोकिएको ब्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

२८. अभिलेख तथा प्रतिवेदनः (१) महिला बालबालिका शाखाले कोषको श्रोत तथा उपयोगको हिसाव देखिने स्थायी किताब खडा गरी बार्षिक रुपमा अद्यावधिक गरिएको हिसाव प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन प्रमुख बाट प्रमाणित गराई राख्नु पर्दछ। (२) कोषको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितीले एक महिना भित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ र नगरपालिकाले सो प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

२९. कोषको लेखा र लेखा परीक्षणः (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ। (२) कोषको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

## परिच्छेद - ९

## विविध

३०. प्रोत्साहन पुरस्कारको व्यवस्थाः बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब वा संस्था, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले पुरस्कार प्रदान गर्न सक्नेछ ।

३१. वार्षिक प्रतिवेदनः समितीले बालबालिकाको अवस्था समेटने गरी बालबालिका सम्बन्धी प्रतिवेदन नगरपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र सार्वजनिक गर्ने र सो को विवरण संघ तथा प्रदेशमा समेत पठाउनु पर्नेछ ।

३२. कार्यविधिको व्याख्या गर्ने वा वाधा अडकाउ फुकाउने अधिकारः कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अडकाउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

३३. खारेजी र बचाउः १) देहायका कार्यविधी खारेज गरिएका छन ।

१.स्थानीय बालअधिकार समिती गठन तथा सञ्चालन कार्यविधी, २०७७

२.बालकोष सञ्चालन कार्यविधी, २०७७

३.बालअधिकार संरक्षण तथा सम्वर्दवन कार्यविधी, २०७८

२)उपदफा १ बमोजिमका कार्यविधी बमोजिम भए गरिएका काम कारवाही यसै कार्यविधी बमोजिम गरिएको मानिनेछ ।

<u>अनुसूची-१</u>

<u>बाल क्लब/बाल संस्था दर्ताका लागि निवेदनको ढाँचा</u>

मितिः......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
छेडागाड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट ।

विषयः बाल क्लब/बाल संस्था दर्ता सम्बन्धमा।

महोदय,

उपर्युक्त सम्बन्धमा यस छेडागाड नगरपालिका वडा नं............मा हामीले बाल अधिकारको संरक्षण र प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न इच्छुक भई यस नगरपालिकाको बालबालिका सम्बन्धी कार्यविधी, २०७९ बमोजिम..................................................नामक बालक्लब/बाल संस्था दर्ता गर्नका लागि देहायको विवरण सहित यो निवेदन पेश गरेका छौ ।

**संलग्न गरिएका कागजातहरु**

१. प्रस्तावित बालक्लब/बाल संस्थाको विधान २ प्रति

२. प्रस्तावित बालक्लब/बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल तथा निर्णयको प्रतिलिपी

३. आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण

४. बालक्लब/बाल संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र, वा

५. बालक्लब/बाल संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

६. बालक्लब/बाल संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

निवेदक

दस्तखतः..............................

नामः.....................................

पदः अध्यक्ष

सम्पर्क नं ............................

**<u>अनुसूची-२</u>**

**<u>बालक्लब/बाल संस्था दर्ता प्रमाणपत्रको ढाँचा</u>**

छेडागाड नगरपालिका

नगरकार्यापालिकाको कार्यालय

कार्कीगाउँ, जाजरकोट ।

कर्णाली प्रदेश,नेपाल

# <u>दर्ता प्रमाणपत्र</u>

मितिः–................

दर्ता नं.–

श्री....................................... बालक्लब/बाल संस्था

छेडागाड नगरपालिका ।

जाजरकोट जिल्ला छेडागाड नगरपालिका..........नं.वडाको.................................... विद्यालय/समुदायमा गठन गरिएको...................................... बालक्लब/बाल संस्थालाई यस नगरपालिकामा दर्ता गरी बाल अधिकार संरक्षण, सम्बद्र्धन तथा प्रर्वद्धनका लागि बालबालिका सम्बन्धी कार्यविधी,२०८१ अनुसार यो दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरुको अधीनमा रही बाल अधिकार संरक्षण, सम्बद्र्धन तथा प्रर्वद्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

प्रमाणित गर्ने

दस्तखत............................

नाम.................................

पद..................................

**<u>नविकरण सम्बन्धी विवरण</u>**

| क्र.सं. | आर्थिक बर्ष | नविकरण मिति | नविकरण गर्नेको मिति | दस्तखत र छाप | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

# अनुसूची -३

## बालक्लब/बाल संस्था नविकरणको लागि निवेदनको ढाँचा

मिति.................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
छेडागाड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट ।

**विषयः बालक्लब/बाल संस्था नविकरण सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस छेडागाड नगरपालिका वडा नं............स्थित विद्यालय/सामुदायमा आधारित हाम्रो... ........ ............ ..........................नामक बालक्लब/बाल संस्था यस नगरपालिकामा दर्ता भई बाल अधिकारको संरक्षण सम्बद्र्धन र प्रवर्धनको क्षेत्रमा क्रियाशिल रहदै आएको छ । बालक्लब/बाल संस्थाले सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको विवरण सहित नविकरणका लागि यो निवेदन पेश गरेका छौ ।

संलग्न गरिएका कागजातहरु

१. बाल क्लब वा संस्थाबाट गत आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण ।

२. कार्य समिति सदस्य हेरफेर सम्बन्धी विवरण र निर्णय।

निवेदक
दस्तखत .................................
नामः.......................................
पदः अध्यक्ष
सम्पर्क नं. ..............................

## अनुसूची -४

# छेडागाड नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

# कार्कीगाउँ, जाजरकोट

# कर्णाली प्रदेश, नेपाल

## बालक्लब/बाल संस्थाको दर्ता किताव

| क्र. सं. | बालक्लव/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | | | संरक्षकको नाम | स्थापना मिति | दर्ता मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम, पद र दस्तखत | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य | जम्मा | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |

# <u>अनुसूची - ५</u>

## छेडागाड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कार्कीगाउँ, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

### <u>बालक्लब/बाल संस्थाको दर्ता नविकरण किताव</u>

| क्र. सं. | बालक्लव/बाल संस्थाको नाम | ठेगाना | सदस्य सङ्ख्या | | | | संरक्षक को नाम | स्थापना मिति | दर्ता मिति | सम्पर्क नं. | नविकरण गर्ने | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | अन्य | जम्मा | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |

# <u>अनुसुची - ६</u>

## <u>न्यायिक समिति तथा स्थानीय बाल अधिकार समितिमा दिने निवेदनको ढाँचा</u>

मिति—..........................

श्री न्यायिक समिती/स्थानीय बाल अधिकार समिति

छेडागाड नगरपालिका

१. नाम थर ..........................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा.................. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम ..................................................

४. उमेर .........................

५. लिङ्ग ................

६. गुनासो तथा घटनाको संक्षिप्त

७. विवरण................................................................

८. घटना घटाउने व्यक्तिको नाम थर वतन—..................

९. घटनाको प्रकृति—............................................

११. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो—............

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन

.........................................................................................................

.........................................................................................................

.........................................................................................................

................................................................

निवेदकको दस्तखत (दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

## अनुसुची-७

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिका (ऐनको दफा ४८ बमोजिम)

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छोडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तगत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रीत भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवदेन परेका बालबालिका, (छ) बाबु आमा वा अभिभावकबाट दुव्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबलिका,

(ज) जबरजस्ती वा बधुँवा प्रकृतिका वा जोखिममा परेका वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरित श्रममा संलग्न भई जिवनयापन गरिरहेका, धुम्रपान, मद्यपान एवं अन्य लागुऔषधको कूलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जिवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यावस्था हनु नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद वा सशस्त्र द्वन्द्व कारणले बाबुआमा दुवै वा आमा बाबु मध्ये एक गुमाएका,
(ठ) बेपत्ता भएका वा आफै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,
(ड) विपन्न दलित समुदायका बालबालिका, मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका

प्रमाणिकरण मितिः २०८१।१०।०४

आज्ञाले
गंग बहादुर रोकाय
प्रमुख प्रशासकीय अधिकृत